स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यस्तो देखिन्छ, अभिनेता पल शाहलाई पछिल्लो समय भाग्यले साथ दिइरहेको छ। उनी अभिनित फिल्महरु बक्सअफिसमा एकपछि अर्को हिट बनिरहेका छन्। यसवर्ष प्रदर्शनमा आएका दुई फिल्महरु 'मोहर' र 'आबाट आमा' बक्सअफिसमा हिट बने। प्रदर्शनरत फिल्म 'आबाट आमा' ले त बक्सअफिसमा १० करोडभन्दा धेरै कमाइ गरिसकेको छ। यस्तोमा, अभिनेता शाह आइतबार जन्मदिन मनाउँदैछन्।

आजको विचार...



प्राडा. शान्तिकृष्ण अधिकारी

झोले... (दुई पेजमा)



हिन्दी सिनेमाका प्रख्यात पटकथा लेखक तथा अभिनेता सलमान खानका पिता सलीम खानको स्वास्थ्य अवस्थामा क्रमिक सुधार आएको छ। ९० वर्षीय खानलाई सुरुमा अस्पतालको आकस्मिक कक्षमा ल्याइएको थियो, जहाँ चिकित्सकहरुको विशेष टोलीले उनको स्वास्थ्य परीक्षण गरेको थियो। अस्पतालका अनुसार उनलाई ब्रेन ह्यामरेज भएपछि भेन्टिलेटर सपोर्टमा राखिएको थियो, तर पछिल्लो रिपोर्टहरुले उनको अवस्था स्थिर रहेको र सुधार भइरहेको संकेत गरेका छन्।

❒ वर्ष ३१ ❒ अंक २०६ ❒ २०८२ फागुन ११ गते सोमबार 23 February 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पा अस्पतालमा लायन्स क्लवको सहयोगमा वैज्ञानिक फोहोर व्यवस्थापन केन्द्र बनाइँदै

## एक लाख डलर लागत लाग्ने

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन १०/पाल्पा अस्पतालमा अस्पतालजन्य फोहोर व्यवस्थापन गर्न बैज्ञानिक फोहोर व्यवस्थापन केन्द्र बनाइने भएको छ । लायन्स क्लब अफ श्रीनगर पाल्पाको पहल, डिष्ट्रिक ३२५ पिको अग्रसरता र अन्तर्राष्ट्रिय लायन्स क्लवको आर्थिक सहयोगमा अस्पताल प्रशासन र व्यवस्थापन समितिसँगको समन्वयमा फोहोर व्यवस्थापन केन्द्र बनाइने भएको हो ।

लायन्स क्लवका प्रतिनिधि र अस्पताल व्यवस्थापन समितिबिच अस्पतालमा भएको छलफलपछि फोहोर व्यवस्थापन गर्ने कार्यका लागि फोहोर व्यवस्थापन तथा वातावरणीय सुरक्षा परियोजना सञ्चालन गरिने भएको हो । उक्त परियोजनामार्फत यहाँ बैज्ञानिक फोहोर व्यवस्थापन केन्द्र बनाइने भएको छ । अस्पतालबाट दैनिक रुपमा सुई, रगत लतपतिएका कपडाबाट संक्रमण फैलाउने जीवाणुहरू हुने भएकाले त्यसको व्यवस्थापनका लागि अस्पतालमा परियोजना सञ्चालन गर्न लागिएको क्वले जनाएको छ । अस्पतालको फोहोरको उचित व्यवस्थापन नहुँदा अस्पतालमा आउने बिरामी, कुरुवा र अस्पताल वरपरका बासिन्दालाई समेत जोखिम हुने भएकाले परियोजनामार्फत अस्पतालको फोहोरलाई वैज्ञानिक ढंगले निरुत्साहित र विसर्जन गर्न लागिएको क्लवले जनाएको छ । यो परियोजना पूर्ण रूपमा कार्यान्वयनमा आएमा विभिन्न किसिमका संक्रमणमा कमी हुने विश्वास गरिएको छ । अस्पतालजन्य फोहोरको सही व्यवस्थापनले विभिन्न किसिमका जोखिम तथा विभिन्न समस्याहरुलाई घटाउँछ । वातावरणीय सुरक्षा: फोहोरलाई खुला ठाउँमा फाल्नु वा जलाउनुको सट्टा आधुनिक प्रविधिबाट प्रशोधन गर्दा जल, जमिन र वायु प्रदूषण कम हुन्छ । अस्पतालको छवि: सफा र स्वच्छ अस्पतालले बिरामीको उपचार प्रक्रियामा सकारात्मक प्रभाव पार्छ र अस्पतालको गुणस्तर वृद्धि गर्छ । परियोजनाको कूल लागतमध्ये ७५ प्रतिशत रकम ७५ हजार डलर अन्तर्राष्ट्रिय लायन्स क्लबले बेहोर्नेछ भने बाँकी २५ प्रतिशत रकम पाल्पा अस्पतालले 'म्याचिङ फण्ड' का रूपमा उपलब्ध गराउनुपर्ने लायन्स क्लबका पूर्व अध्यक्ष एवं डिष्ट्रिक सिनियर एडभाईजर प्रदिप कुमार उदयले बताए । अस्पताल प्रशासन तथा विकास समितिले जिल्लाका १४ वटा लायन्स क्लबहरूसँग गरेको छलफलमा लायनकर्मीहरूले अस्पतालको पूर्वाधार विकासमा ठूलो लगानी गर्न तयार रहेको बताएका छन् । लायन्सकर्मीहरु गंगा बहादुर खत्री, हरि रायमाझी,शुसिल प्रधान, त्रिलोचन पौडेल, राजेन्द्र लिगल, भिमसेन कार्की, सकुन्तला बज्राचार्य, सागर महर्जन, दिपक घिमिरे लगायतले अस्पतालको लागि स -साना टुक्रे सहयोगभन्दा पनि दीर्घकालीन प्रभाव पार्ने बहुउद्देश्यीय भवनको निश्चित विभाग निर्माणमा सहयोग गर्ने इच्छा व्यक्त गरेका छन् ।




-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### नाइजेरिया सशस्त्र आक्रमणमा ३८ को मृत्यु

(रासस/एएफपी)

**नाइजेरिया,** फागुन ९/नाइजेरियाको उत्तरपश्चिमी जाम्फारा राज्यको दुत्से दान अजिया गाउँमा हतियारधारी एक समूहको आक्रमणमा परी कम्तीमा ३८ जनाको मृत्यु भएको स्थानीय प्रहरी र अधिकारीहरूले शनिबार एएफपीलाई बताएका छन् । जाम्फारा प्रहरीका प्रवक्ता याजिद अबुबकरले भने, "यो आक्रमण बिहीबारको रातदेखि शुक्रबार सम्म दुर्गम गाउँमा भएको थियो, जहाँ 'थोरै मात्र पहुँच मार्गहरू थिए' तर अहिले यस क्षेत्र सामान्य अवस्थामा फर्किएको छ । स्थानीय विधायक हामिसु फारुले आक्रमणमा ५० जनाभन्दा बढीको मृत्यु भएको आशङ्का गरेका छन् । उनले भने, 'डाँकुहरू गान्दो जङ्गलबाट आए र दुत्से दान अजियालाई घेरा हाली अन्धाधुन्ध गोली चलाए । आक्रमणपछि भाग्न खोज्ने सबै बासिन्दाको मृत्यु भएको थियो ।' स्थानीय रूपमा 'डाँकु' भनिने सशस्त्र गिरोहहरू जाम्फारा, कात्सिना, कडुना, सोकोटो, केब्बी र नाइजर राज्यहरूमा फैलिएको जङ्गलमा आश्रयस्थल बनाएर बस्ने र गाउँहरूमा आक्रमण गर्ने गर्छन् । नाइजेरियाली सेना यी समूहहरूसँग लड्न धेरै वर्षदेखि यस क्षेत्रमा तैनाथ छ, तर हिंसा जारी छ । नाइजेरियामा हालैका महिनाहरूमा जिहादी समूह र डाँकुहरूद्वारा बढ्दो हिंसाले संयुक्त राज्य अमेरिकाको ध्यान आकर्षित गरेको छ ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

-प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ ।

-मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।

-निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

-निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# गुल्मीमा हवाई उडान कटौती , अब सातामा तीनपटक मात्र

**गुल्मी,** फागुन १०/यहाँको रेसुङ्गा विमानस्थलमा अबदेखि सातामा तीनपटकमात्र हवाई उडान गरिने भएको छ । नेपाल वायु सेवा निगमले यसअघि गुल्मीमा बिहीबार हुँदै आएको हवाई उडानको तालिकामा परिवर्तन गरेको हो ।

नेपाल वायु निगमले यसअघि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार गरी सातामा चारपटक उडान गर्दै आएको थियो । उडान तालिकामा परिवर्तन गरेसँगै अबदेखि आइतबार, मङ्गलबार र शनिबार गरी सातामा तीन पटकमात्र उडान हुने भएको रेसुङ्गा विमानस्थल गुल्मीका स्टेसन प्रमुख सुमन थापाले जानकारी दिए । नेपाल वायुसेवा निगमका हाल तीन मात्र ट्वीनअटर जहाज रहेको र उक्त जहाज समय-समयमा मर्मत गर्नुपर्ने भएका कारण जहाजको अभावमा केही समयका लागि निगमले यसअघिको नियमित तालिकामा परिवर्तन गरेको उनले बताए । वर्षात्को समय, खराब मौसम र बाक्लो हुस्सुका कारणबाहेक पछिल्लो तीन महिना रेसुङ्गा विमानस्थलमा नियमित रूपमा हवाई उडान हुँदै आइरहेको छ ।



-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## चुनावले उपभोक्तालाई महँगी

एकातिर चुनावी माहोल तातेको छ भने अर्कोतर्फ महँगीले भोलि बिहानको छाक कसरी टार्ने भन्रुने चिन्ता । बजारमा तरकारी, खाद्यान्न, तेल, गेडागुडी, मैदा, आँटा चामल, तेल जस्ता अत्यावश्यक वस्तुहरुको मूल्य बढ्दो छ । खासगरी, खाद्यान्न र तरकारीको मूल्यमा भएको अप्रत्याशित वृद्धिले श्रमजीवी जनताको दैनिकीमा नकारात्मक प्रभाव परेको पाइएको छ । बजार अनुगमन गर्ने अख्तियार पाएका सम्बन्धित निकायले मूल्य नियन्त्रणतर्फ भने खासै चासो देखाएको पाइँदैन । बजारमा मूल्य वृद्धि हुनु नै महँगी बढ्नु हो । प्रत्येक राजनीतिक दलका घोषणापत्रमा 'महँगी नियन्त्रण' र 'सुलभ आपूर्ति'का बुँदा प्राथमिकतामा परे पनि व्यवहारमा ठ्याक्कै उल्टो देखिन्छ । चुनावमा उम्मेदवारले गर्ने असीमित खर्च अन्ततः उपभोक्ताकै थालबाट असुलिन्छ । ठूला व्यवसायी, व्यापारिक घरानाबाट विभिन्न राजनीतिक दलहरुले लिने चन्दाको भार अन्ततः उपभोक्ताको भान्सामै पर्छ । चुनावको बेला त जनतालाई झन् बढी राहत दिनुपर्ने हो । तर, विडम्बना यही समयमा कालोबजारी मौलाएको छ । दलहरू भोट माग्न व्यस्त छन्, व्यापारी नोट कमाउन । राज्य मूक छ ।

खानेतेलको मूल्य उद्योगीले घटाएको दाबी गर्छन् । बजारमा घटेको छैन । यसले प्रष्ट हुन्छ, चुनावको मौका छोपेर कालोबजारी गर्नेहरू सल्बलाएका छन् । कालोबजारी गर्नेलाई सरकारी निकायले कारबाही गर्न सकेको छैन । बजार अनुगमन भनेको चाडपर्वमा मात्रै गर्ने होइन । यो त सधैं र नियमित गर्नुपर्छ । तर, नेपालमा भने दसैं–तिहारका बेला मात्रै बजार अनुगमनको 'नाटक' प्रदर्शन हुँदै आएको छ । चुनावका बेला पनि महँगी बढ्छ भनेर फेरि त्यही नाटक पुनरावृत्त हुन्छ भने त्यो लाचारीमात्रै हो । बजार अनुगमनलाई हरेक दिनको कर्तव्य जहिलेसम्म राज्यले ठान्दैन, तबसम्म उपभोक्ता महँगीको मारमा मात्रै होइन, ठगीमा पनि परिरहन्छन् । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दुःख र चिन्ताको विषय हो । राज्यको उपस्थिति हुँदाहुँदै पनि उचित बजार नियन्त्रण हुन नसकेपछि कालाबजारियाहरु हौसिएका छन् । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आम उपभोक्ताको भान्सा महँगी बन्न पुगेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यस सम्बन्धमा स्थानीय प्रशासनले स्थानीय सरकारसँग समन्वय गरेर केही न केही ठोस कदम चाल्न आवश्यक छ ।

## Opinion @ Social Network

अन्त्यमा खरानी हुनका लागी मनिस जिबनभर एक अर्कासँग कति डाह गर्छन् ।

*(सागर कुमालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Kumal)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# झोले भन्नेहरू नै झोले त हुँदै छैनन् ?



प्राडा. शान्तिकृष्ण अधिकारी

***किराना पसल खोलेकाहरू थोक बिक्रेताकहाँ गएर सामान झोलामा बोकेरै आउँछन् । नेपालमा उद्योग सञ्चालन गरेकाहरूले कच्चा पदार्थ विदेशबाट झोलामा नै ल्याउँछन् । विदेशी सामान आयात गरेर यहाँ करोडपति भएकाहरूले विदेशीहरूको झोला बोक्न बाध्य नै छन् । नेपालका ठूलाभन्दा ठूला अर्बपतिहरू विदेशीका झोले नै हुन् भन्दा पनि हुन्छ तर पनि अहिले प्रचलनमा आएको झोले शब्दले तिनीहरूलाई छुँदैन । यसले मन चसक्क घोच्ने भनेको राजनीतिक दलहरूका बुझ्दो न सुध्दो टुँडिखेलमा कुद्दो जस्ता सदस्यहरूलाई मात्र हो । कसैलाई देउवालाई नेता मान्नेहरूलाई देउवाको झोले, त्यसैगरी कोही ओलीको झोले र कतिपयलाई प्रचण्डको झोलेको बिल्ला भिराइएको छ । यी नेताहरूका खराब कामहरूलाई समेत गजब भन्दै हिँड्नेहरूलाई भन्नु त ठीकै हो तर कोही आस्था र विचारका आधारमा नेपाली कांग्रेस, एमाले वा तत्कालीन माओवादीसँग निकट छ भने पनि उसलाई झोलेभन्दा भने सहजै पचाउन गाह्रो हुनेगरेको छ र पनि यस्तै चलन चलेको छ । बिल्ला भिराउनेले पनि सही व्यक्तिको पहिचान गर्न सक्नुपर्ने हो तर अन्धाधुन्ध प्रयोग हुँदा शब्दकै अपमान हुनपुगेको छ ।***

आजभोलि नेपालमा झोले भन्ने शब्द निकै चर्चित छ । युवा उमेरका मान्छेहरूले अरूलाई उडाउन झोले निकै प्रयोग गर्न थालेका छन् । नयाँ पार्टीका नेताहरूले समेत पुराना पार्टीकालाई खसालेर भाषण गर्दा झोले नै भन्ने गर्दछन् । पुराना पार्टीहरूका सदस्यहरूको मनस्थिति गिराउनका लागि सामाजिक सञ्जालमा अत्यधिक प्रयोग हुने शब्द झोले नै हुने गरेको छ । झोलेको ताल हेर त, यो झोलेलाई ठिक पार्नु पर्ने भयो, झोलेको हिम्मत, झोलेले बोलेको सुन त आदि जस्ता शब्दावली सामाजिक सञ्जालमा अत्यधिक प्रयोगमा आउने गरेका छन् । नेपाली शब्द कोशमा हेर्ने हो भने झोलेका तीनवटा अर्थ दिइएको छ- अर्काको झोला बोक्ने, रसदार वा झोल भएको र झोला बोकेर हिँड्ने । आफ्नै झोला बोकेर हिँड्नेहरूलाई यो शब्दले कसैगरी पोल्दैन । रसदार खानेकुरालाई पनि युवाहरूले उडाएका पक्कै होइनन् । जसले अर्काको झोला बोकेर हिँड्यो उसैलाई नै झोले भनेर हेप्ने प्रचलन ल्याइएको हो । आफ्नै अस्तित्व नै गुम हुने गरी जो अरूका पछाडि आँखा चिम्लेर कुदेको छ, उसैलाई नै सचेत गराउन झोले भन्ने गरिएको हो जस्तो लाग्दछ । जेन्जीहरूले झोले भनेका पुराना राजनीतिक दलहरूका गलतलाई पनि सही भन्न रुचाउने सदस्यहरूलाई हो भन्ने सबैले बुझिसकेका छन् । जागिरका सिलसिलामा अर्काको झोला बोकेर हिँड्नै पर्दछ । कामका लागि अरूको झोला नबोकी बिहान-बेलुकीको छाक नै टर्दैन । आफ्नो झोला त तरकारीदेखि खाद्यान्न किन्ने सबैले बिहान बेलुकै बोक्नै पर्दछ । ल्यापटप बोकेर अफिस जानेहरू सधैं झोला बोकिरहेकै हुन्छन् । किताब कापी बोकेर पढाउन जान पर्ने शिक्षक प्राध्यापकहरूले दिनदिनै झोला नबोकी सुखै छैन । यस्तो झोला बोकाइले मान्छेको इज्जत प्रतिष्ठा र धन सम्पत्ति थपिरहेको हुन्छ तर आधुनिक झोले शब्दले भने भएको इज्जत पनि धुलोमा मिलाइदिन्छ । किराना पसल खोलेकाहरू थोक बिक्रेताकहाँ गएर सामान झोलामा बोकेरै आउँछन् । नेपालमा उद्योग सञ्चालन गरेकाहरूले कच्चा पदार्थ विदेशबाट झोलामा नै ल्याउँछन् । विदेशी सामान आयात गरेर यहाँ करोडपति भएकाहरूले विदेशीहरूको झोला बोक्न बाध्य नै छन् । नेपालका ठूलाभन्दा ठूला अर्बपतिहरू विदेशीका झोले नै हुन् भन्दा पनि हुन्छ तर पनि अहिले प्रचलनमा आएको झोले शब्दले तिनीहरूलाई छुँदैन । यसले मन चसक्क घोच्ने भनेको राजनीतिक दलहरूका बुझ्दो न सुध्दो टुँडिखेलमा कुद्दो जस्ता सदस्यहरूलाई मात्र हो । कसैलाई देउवालाई नेता मान्नेहरूलाई देउवाको झोले, त्यसैगरी कोही ओलीको झोले र कतिपयलाई प्रचण्डको झोलेको बिल्ला भिराइएको छ । यी नेताहरूका खराब कामहरूलाई समेत गजब भन्दै हिँड्नेहरूलाई भन्नु त ठीकै हो तर कोही आस्था र विचारका आधारमा नेपाली कांग्रेस, एमाले वा तत्कालीन माओवादीसँग निकट छ भने पनि उसलाई झोलेभन्दा भने सहजै पचाउन गाह्रो हुनेगरेको छ र पनि यस्तै चलन चलेको छ । बिल्ला भिराउनेले पनि सही व्यक्तिको पहिचान गर्न सक्नुपर्ने हो तर अन्धाधुन्ध प्रयोग हुँदा शब्दकै अपमान हुनपुगेको छ । नेपाली कांग्रेसमा नेताका सही कुरालाई सही र गलतलाई गलत भन्न सक्ने र भनिरहेका हजारौं सदस्यहरू छन् । नेताका गलत कदमका विरुद्धमा आवाज बुलन्द गरिरहँदा विरोधी आवाज उठाउने पछि परेका क्षमतावान् सदस्यहरूको संख्या हजारौं रहेको र अक्षम अघि परेको सबैले देखिरहेकै छन् । केपी ओली अध्यक्ष हुनुभन्दा अघिसम्म पार्टी अध्यक्षका विरुद्धमा एमालेमा पनि कतिपयले बोलिरहेकै हुन्थे । ओली अध्यक्ष भएपछि त्यसलाई बन्द गराउने प्रयास गरिएको कुरा सत्य हो भन्न कुनै कठिनाइ छैन र पनि ओलीका गलत कदमका विरुद्धमा आवाज उठाउने हिम्मत गर्ने आज पनि देखिएकै छन् । कांग्रेस र एमालेका त्यस्ता सदस्यहरूलाई पनि झोले भनियो भने यसलाई किमार्थ उचित मान्न सकिँदैन । यस्तो प्रवृत्ति नितान्त गलत हो र पनि यही भइरहेको छ । नियोजित, प्रायोजित र अबुझ रूपमा नेपाली कांग्रेसका समर्थक जति सबैलाई झोले भन्ने उपाधि दिने होड नै चलेको छ । त्यसै गरी एमालेको समर्थनमा बोल्ने जो कोहीले यही बिल्ला भिर्न पाउने गरेको छ भने यदाकदा पूर्वमाओवादीहरूलाई पनि यो अवसर मिल्ने गरेको छ । प्रायोजितहरूको यही भीडमा मिसिएर होमा हो मिलाउनेहरूको संख्या बढ्दै जाँदा आजभोलि सही कुरालाई सही र गलतलाई गलत भन्न नै डराउन पर्ने अवस्था सिर्जना भएको छ । गौतम बुद्धको झोले हुन सक्दा गर्व नै हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको झोले हुनसक्नु भनेको छाती चौडा पार्नु नै हो । किसुनजीको झोलेहरूले पनि कतै शिर निहुराउनुपर्ने अवस्था देखिँदैन । मनमोहन अधिकारीको झोले भने पनि कसैको इज्जत जाने देखिँदैन । वर्तमानमा विगत तीस पैंतीस वर्षदेखि निरन्तर सत्तामा रहेकाहरूले गरेका केही गलत क्रियाकलापका कारण भने कांग्रेस, एमाले वा अन्य राजनीतिक दलहरूको कार्यकर्ता हुँ भन्दा नै लज्जित हुने अवस्था आएको हो भन्न पनि गाह्रो मान्न नपर्ने भएको छ । त्यसैले नै समयले पुराना नेताहरूको विश्रामको अपेक्षा गरेको छ र नयाँ उदीयमान नेताहरूबाट देशको राजनीति सह्मालिने अपेक्षा गरिएको हो । झोलेका बिल्ला भिराउँदा भिराउँदै कतै बिल्ला भिराउनेहरू नै झोले भइसकेका त छैनन् भन्ने ख्याल चाहिँ गरिएको छैन । अरूलाई चोर औंला तेर्साउँदा आँफूतिर अन्य चार औंलाले गिज्याइरहेका हुन्छन् भन्ने पनि ध्यान दिन जरुरी छ । उसलाई देउवाको झोले भन्दै गर्दा आँफू बालेनको झोले भइसकेको पत्तो पाउन सकिएन भने त्यसले सामाजिक सद्भाव बिगार्नेबाहेक केही काम गर्दैन । एमालेका झोले भनेर अर्काको बेइज्जत गर्दैगर्दा आफैं माथि रवि लामिछाने वा ओमप्रकाश वा कुलमान वा हर्क साम्पाङ्गो झोले भन्ने उपाधिले छपक्कै ढाकिसकेको पत्तो नपाउनेहरूले पनि यो शब्द प्रयोग गरेको देख्दा अचम्मै लाग्दछ । झोला बोक्ने भनेको राष्ट्रवादी पार्टीको हो । झोला बोक्ने भनेको समाजवादी नेताको हो । राष्ट्रवादी र समाजवादीको बाहिर झल्को दिन खोज्ने तर भित्री रूपमा देश र जनता चुस्ने हुन् कि होइनन् पत्तो पाउन सकिएन भने निश्चय नै झोले भइन्छ । देश बनाउन हिँडेको नेता भेटियो भने सबैले उसको झोला बोक्नै पर्दछ । जनताको समुज्वल भविष्यका लागि कस्सिएको नेता वा दल छ भने उसको झोला बोक्दा केही बिग्रन्न, बरू राम्रै हुन्छ । नेपालमा त निहित स्वार्थका लागि दिसा र गोबर नछुट्याई देश भड्खालामा पुग्दासमेत देश डुबाउन क्रियाशील नेताको झोला बोक्दा बिग्रिएको हो । जसले जति गाली गरे पनि ख्याल गर्नुपर्ने कुरा के हो भने आजभोलि अर्कालाई झोले भन्ने अवसर प्रदान गर्नका लागि नेपाली कांग्रेसको झोला बोकेकाहरूको योगदान महत्वपूर्ण छ । २०४६ साल र २०६२-६३ सालमा नेपाली कांग्रेस र एमाले मिलेर नागरिक स्वतन्त्रताका लागि जनआन्दोलन नगरेका भए आजका युवाहरूले सडकमा जुलुस निकालेर तिनै पुराना नेताहरूलाई विस्थापित गर्ने अवसर पाउँथे कि पाउँथेनन् भन्ने पनि शंकै छ । कांग्रेस र एमाले नभएको भए आजसम्म पनि राणा वा शाहहरूकै एकतन्त्री हुकुमी नियन्त्रित शासन व्यवस्था नै कायम रहेको हुन्थ्यो भन्न पनि कठिन छैन । राम्रा कामका लागि दलका झोला बोकेकाहरूले नै आजको राजनीतिक रूपमा सचेत नागरिक युवा उत्पादन गरेको कामको प्रशंसा गर्न पनि चुक्न हुँदैन । अहिले मुलुकले श्रमको झोला बोक्ने युवाहरू खोजिरहेको छ । नेपालका उर्वर भूमिहरू बाँझा भइरहेका छन्, त्यसैले कुटो कोदालोले भरिएको झोला बोक्ने जेनजी नेपाललाई चाहिएको छ । विदेशतिर होमिएर नेपाल वृद्धवृद्धाको देशमा परिणत भएको छ, मुलुकले नेपालमै बसेर नेपाललाई नै बसुँबसुँ लाग्ने देश बनाउन कम्मर कस्ने जेन्जीको आवश्यकता छ । देउवा, ओली र प्रचण्डको झोला छाडेर बालेन, रवि र कुलमानहरूको झोला बोक्ने किशोर मुलुकलाई चाहिएको हुँदै होइन । राजनीतिक रूपमा सचेत, सुझबुझपूर्ण र स्वचालित युवाहरूको राजनीतिमा हस्तक्षेप मुलुकले खोजेकै छ । पुराना नेतालाई विदेशीबाट परिचालित भनी आरोप लगाइरहँदा आफू प्रत्यक्ष वा परोक्ष रूपमा विदेशीकै चलखेलमा सामेल भइएको त छैन भन्ने ख्याल गर्नसक्ने युवाहरू देशको राजनीतिले खोजेको छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्य जीवनमा मधुरता बढ्नेछ। विवाहको प्रस्ताव आउनेछ। | **तुला** : नोकरी वा पेशामा अरुको विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| **वृष** : संगीतको क्षेत्रमा प्रशंसा मिल्नेछ। पारिवारिक मतभेद सुल्झिनेछ। | **वृश्चिक** : शैक्षिक प्रतियोगितामा सफलता मिल्नेछ। नयाँ प्रेम प्रसंग प्रारम्भ होला। |
| **मिथुन** : गरिएको यात्रा लाभप्रद रहनेछ। कार्यस्थलमा चलिरहेको गतिविरोध दूर हुनेछ। | **धनु** : अध्ययनलाई लिएर नयाँ बाटाहरू खुल्नेछन्। समस्याको समाधान हुनेछ। |
| **कर्कट** : मेहनतमा विश्वास राख्नुहोस् सफलता मिल्नेछ। धर्मकर्ममा मन लाग्नेछ। | **मकर** : व्यक्तिगत निर्णय लिनमा हतार नगर्नुहोस्। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |
| **सिंह** : सांस्कृतिक गतिविधिहरूमा रुचि बढ्नेछ। खानपानमा ध्यान दिनुहोला। | **कुम्भ** : पेशामा नयाँ जिम्मेवारी मिल्नेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ। |
| **कन्या** : व्यापार व्यवसायमा नयाँ अनुबन्ध मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मीन** : प्रशासनिक काम प्रभावित हुनेछ। इष्टमित्रहरूबाट सहयोग पाइनेछ। |

## शिक्षा

# दश वर्षपछिको नेपाली शिक्षा र जनजीवन




आजको नेपाली शिक्षाले बेरोजगारी, परजीवी, पलायनवादी युरोप, अमेरिकामा गएर कर्मकर जीवन बिताउन विवश जनशक्ति उत्पादन गरेको सर्वत्र चर्चा रह्यो । नयाँ शिक्षा योजना (२०३०) ले नैतिक, व्यावसायिक र स्वावलम्बीपनमा कुठाराघात गऱ्यो भनेर घनघोर विरोध हामीले नै गऱ्यौं । कोटबाहिर यज्ञोपवीत (जनाई) लाएर एकजना बाहुन पुजेर अरूलाई कन्धने काठो भन्ने दरबारप्रतिको आक्रोश थियो त्यो । यस शिक्षाले राष्ट्रिय विकास सेवा नामक कार्यक्रम चलाएको थियो । त्यो राम्रो थियो तर अरूको दानमा चलेको हुनाले हामीले थेग्न सकेनौं/मासियो । अहिले नेपालमा चलेको शिक्षा हाम्रो होइन, बेलायती विद्वान् लर्ड मे-कालेको गिदीको उपज हो । यसले अंग्रेजी भाषा वैज्ञानिक भाषा हो र प्राचीन भारतीय आर्य भाषा (संस्कृतलगायत आधुनिक नव्यभारतीय आर्य भाषा पनि) अवैज्ञानिक र आध्यात्मिक भाषा हुन् । यिनले आधुनिक विकास गर्न सक्दैनन्, यिनमा ज्ञान भए पनि विज्ञान र तर्क तथा शिल्पशास्त्र छैन भनियो । अहिले हामीले बुझ्दा इञ्जिनियरिङअन्तर्गतका सबै विधा, उपविधा हाम्रो शिल्पशास्त्र या स्थापत्य शास्त्रको पश्चिमीकरण गरिएको रहेछ । चीन, जापान, जर्मनीले आआफ्नै भाषामा रहेका ज्ञान, विज्ञान र शिल्प तथा स्थापत्य शास्त्रलाई प्राचीन भारतीय आर्य भाषाको वैदिक स्थापत्य चिन्तनलाई मिसाएर त्यत्रो चकाचौध विकास गरेका रहेछन् भन्ने चाल पाउँदा त हामी अंग्रेजको पुत्ला पो बनिसकेछौं । वानरबाट विकसित मानव उनले भने हामीले मान्यौं केको हुन्थ्यो, हामीलाई त हाम्रै वेदले "ॐ वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमस: परस्तात्" शृणु रे अमृतस्यपुत्रा अमर पुत्र हो 'त्यो अविनाशी महातङ्कवलाई हामी जान्दछौं । आदिभन्दा पनि आदि वर्ण, त्यो तमभन्दा धेरै पर छ भनेर उहिल्यै सम्झाएको रहेछ । दास चेतनाले हामी गाँजिएछौं । साधारण मान्छे जो दाउरा बेचेर जीविका चलाउँथ्यो त्यो पनि संस्कृत क्रियापद बाधति हुने र बाधते हुने ठाउँ जान्दथ्यो र राजालाई भारीले भन्दा बाधते हुने ठाउँमा बाधति तपाईंले गरेका प्रयोगको अशुद्धिले जति बाधा गरेको छैन भनेर उत्तर दिएछ । भाषा, संस्कृति ज्ञानविज्ञान सबै एकअर्कासँग आबद्ध हुन्छन् । यो कुरो नबुझेर हामीले हाम्रा पौरस्त्य संस्कारलाई युगानुकूल गर्ने शिक्षा योजना बनाउनुको बदला अर्कै संस्कार तथा संस्कृतिको शिक्षा लागू गर्दा हाँस न बकुल्लो बनायौं हामीले हाम्रा उत्तर पुस्तालाई । यै माटामा वरपीपलका बोट दोटा म लाऊँ जे जसरी हुन्छ यही माटोलाई उर्वर बनाऊँ भन्ने ध्याउन्नमा नवमनमा जन्माउने गुरु वशिष्ठको पाठ्यक्रम जसले रामलक्ष्मणलाई उत्पादन गरेको थियो "अपि स्वर्णमयीलङ्का न मे लक्ष्मण रोचते" भनेर मातृभूमिको महिमा बताएथ्यो । विश्व अभियन्ता गुरु परशुरामको सामाजिक चेतना जगाउने पाठ्यक्रम जसले २१ पटक दूराचारी शासनको अन्त्य गरेर सुशासन कायम गरेको थियो । गुरु सान्दीपिनिको पाठ्यक्रम जसले कृष्ण र बलराम उत्पादन गरेथ्यो र दूराचारी, शोषक, सामन्त तथा विलासी राजाका चंगुलबाट समग्र भारतीय उपमहाद्वीपलाई नै उद्धार गरेर जगद्गुरुको उपाधि तत्कालीन विश्वले नै कृष्णलाई दिएको थियो । व्यक्तिपूजाका ठाउँमा जसले प्रकृति र धराको पूजाअर्चना गर्न सिकाएथ्यो । आचार्य विष्णुगुप्त चाणक्य जसले मौर्यवंशका आदिसम्राट चन्द्रगुप्त मौर्य उत्पादन गरेर हिमालयदेखि कन्याकुमारीसम्मको १२ सय योजनमा एकमात्र अखण्ड श्रीपेचधारी राजा बनाएर अर्थनीति, राजनीति र सार्वजनिक प्रशासनका क्षेत्रमा अद्वितीय योगदान दिएको थियो । ती आचार्यको शैक्षिक पाठ्यक्रम पाठन शैलीको आवश्यकता छ हामीलाई । अबको सरकारले प्रधानमन्त्री, शिक्षामन्त्री, राष्ट्रपति आदि जालझेल र तिगडम पण्डित होइन, विश्वविद्यालय सभाका राष्ट्रमा विख्यात भएर नाम चलेकामध्ये योग्यतमलाई कुलपति बनाउने पद्धतिको विकास गर्नुपर्छ । पाठ्यक्रमलाई प्रत्येक पाँच वर्षमा पढाउने प्राध्यापक, शिक्षकले नै पुनर्मूल्यांकन र परिमार्जन गर्ने गर्नुपर्छ । तिनले भनेबमोजिमको पठनपाठनको वातावरण सिर्जना गर्ने, वेतनको व्यवस्था गर्ने, तालिम र अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने, अनुसन्धान गर्ने र उपयुक्त तथ्यलाई कार्यान्वयनमा लैजाने कामचाहिँ सरकारले गर्नुपर्छ । विधाविज्ञ गुरु र शिक्षा बुभूक्षित शिष्यबेगरको शिक्षाले देश विकास गर्न पनि सक्दैन, जनतालाई चेतनाको न्यानो तपाउन पनि सक्दैन । अत: आफ्नै परम्परित शिक्षालाई सुधारेर आजको युगानुकूल गरिनुपर्छ । विदेशतिरका विकसित देश यसै गरी बनेका हुन् । हाम्रा सरकारमा जाने, शिक्षामा काम गर्ने सबै ज्ञान बेचुवा, चेतना चेपुवामात्र भएछन् । अब आवश्यकता छ वशिष्ठ, विश्वामित्र, परशुराम, सान्दीपिनि र विष्णुगुप्त चाणक्य जस्ता गुरुको । हामी अहिले द्रोणाचार्य, कृपाचार्यबाट शिक्षामा राजकीय दबदबा बढाएर आजको अवस्थामा आएको बेलायती संस्करणको शिक्षाले हामीलाई अर्धविदग्ध वृक्ष बनाएको देखिन्छ । शिक्षा चेतना ब्युँझाउने हुनुपर्छ, मौका खोजुवा र खन्चुवा हुनुहुँदैन । अत: यसलाई परिमार्जन गरेर ज्ञानका क्षेत्रमा ज्ञानीकै दबदबा चल्ने पद्धति विकास गर्नुपर्छ । अनिमात्र शिक्षाले राज्यलाई र समाजलाई मात्र होइन, विश्वलाई नै आलोकित पार्न सक्छ ।

**त्रिविधविधाको विकास गर्नुपर्छ**

आत्मिक, आध्यात्मिक, अधिभौतिक विद्याको पठनपाठन आवश्यक हुन्छ । आत्मिक विद्याले नैतिकता, सदाचार, संस्कार, संस्कृति आदि सिकाएर शिक्षार्थीलाई विवेकी, दूरदर्शी र चिन्तनशील बनाउँछ र आदिशंकराचार्य, रामकृष्ण परमहंस, गौरांगमहाप्रभु, स्वरूपानन्द सरस्वती, स्वामी विवेकानन्द र डा. स्वामी रामानन्द गिरी, योगी नरहरिनाथ, खप्तड स्वामी, शिवपुरी बाबा जस्ता राष्ट्रगुरु उत्पादन गर्न सक्छ । आध्यात्मिक शिक्षाले हजारीप्रसाद द्विवेदी, महात्मा गान्धी, लेखनाथ पौडेल, मैथिलीशरण गुप्त, महाकवि उदयानन्द अर्याल, अन्वेषक ज्ञानमणि नेपाल जस्ता महाज्ञानी स्रष्टा, अन्वेषक उत्पादन गर्न सकिन्छ भने अधिभौतिक शिक्षाबाट चाहिँ जवाहरलाल नेहरू, मदनमोहन मालवीय, विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, गेहेन्द्रशमशेर राणा, बालकृष्ण सम, सन्दुक रुइत, भगवान् कोइराला जस्ता विकास निर्माणका लागि संसारको ज्ञान, चेतना आफ्ना भाषा साहित्यमा ओसार्न सक्ने, वैज्ञानिक र साधक उत्पादन गर्न सकिन्छ । आजका हावर्ड, महर्षि, क्याम्ब्रिज जस्ता विश्वविद्यालय अधिभौतिक पाठ्यक्रम भएका विश्वविद्यालय हुन् । वाराणस्येय हिन्दू विश्वविद्यालय पनि अधिभौतिक चरित्रको विश्वविद्यालय हो, जहाँ आधुनिकतम विज्ञान र प्राचीनतम विधा उपविधाको केन्द्र बनाएर अघि बढाइएको देखिन्छ । हामीले त्रिविलाई पूर्ण लर्ड मेकालेका चिन्तनमा लग्यौं जसका कारण यो देश नै बालवृद्धमात्र भएको देश बन्दै जान लागेको छ । नेसंविलाई गाई न गोरुको ड्याँ बनाएर तमासा देखाइरहेका छौं । आजको हाम्रो नेपाल संस्कृत विश्वविद्यालय भनेको नेपाली संस्कृत विश्वविद्यालय भएर शेष रहेको देखिन्छ । यसरी खिचडीतन्त्रमा कुनै पनि विद्याका विधाको विकास गर्न सकिँदैन । नव-नव विधा विकास गर्ने विधि भनेको कलमी पद्धति नै हो । दुई या दुईभन्दा बढी प्रकृति, स्वभाव र लक्ष्य मिल्ने विधाका मिश्रणबाट तेस्रो विधा पैदा गरिन्छ । संस्कृतका १२ वटा मुख्य विधाका उपविधामात्र ३५ वटा बनेका भेटिन्छन् । पाश्चात्य परम्पराको यो विधा विकासको मिश्रण विधि त्रिविमा नै पनि देख्न सकिन्छ । अहिले वाणिज्य शास्त्रमा अगणित उपविधाको अध्ययन अध्यापन गरिन्छ । कृषिमा पनि यस्तै छ र चिकित्सा शास्त्रमा पनि यो स्थिति रहेको देखिन्छ । शिक्षा शास्त्र त यस पद्धतिको बियाड नै मानिन्छ । मानविकीमा पनि यो भएको छ तर विश्वविद्यालय खोल्ने कुरामा जुन उदारता र तत्परतामात्र होइन एक प्रकारको होडबाजी नै देखिन्छ । तिनलाई विधाविद् गुरु, उपयुक्त विधाको विकास विद्यालाई व्यवसायसँग जोड्ने सैद्धान्तिक र व्यावहारिक वातावरण मिलाउन भने राष्ट्र चुकेको छ र हामी गुरु भनाउँदा पनि शण्डा र मर्क जस्तै अल्पदिमागी भएर पनि प्रह्लादलाई पढाउने उपकर्मको अभिनय गरिरहेका छौं । गुरु हुन बृहस्पति, शुक्राचार्य, वशिष्ठ, विश्वामित्र र सान्दीपिनि गुरुको आचरण चिन्तन र भृगुको जस्तो खोज अन्वेषणको जाँगर चाहिन्छ । चाणक्यको विधाज्ञान र चन्द्रगुप्त मौर्यको ग्रहण क्षमता भएमात्र शासनले न्याय दिन्छ । सडक र टेलिभिजनमा भेटिएका विज्ञापित अनुहारले चलाएको राज्य हाम्रो देश नेपाल जस्तै हुन्थ्यो/हुने थियो/भयो भने यसमा केको आश्चर्य ?

*-अनलाइन खबर डटकम*

# चिमखोलाका विद्यालयलाई 'स्मार्ट बोर्ड' सहयोग




म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा रहेका सामुदायिक विद्यालयहरुलाई 'स्मार्ट बोर्ड' सहयोग प्राप्त भएको छ । चिमखोलामा निर्माण भएको ३५ दशमलब पाँच मेगावाट क्षमताको चिमखोला-मंगले-राहुघाट जलविद्युत आयोजनाको प्रर्वद्धक कम्पनी तुँदी पावरले तीन वटा विद्यालय र वडा कार्यालयलाई छ थान स्मार्ट बोर्ड सहयोग गरेको हो । जलविद्युत आयोजनाको प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्व कार्यक्रम मार्फत बिनियोजन भएको रु. १० लाख ८० हजार बजेटबाट स्मार्ट बोर्ड उपलब्ध गराइएको रघुगङ्गा गाउँपालिका-७ का वडा अध्यक्ष थकबहादुर पाइजा (रिम)ले जानकारी दिए । उनका अनुसार अमर मावि चिमखोलालाई तीन, वडा कार्यालय, सिद्ध र चिमखोला आधारभूत विद्यालयमा एक/एक थान ६५ इन्चको स्मार्ट बोर्ड सहयोग प्राप्त भएको हो । विद्यालयमा प्रबिधीमैत्री पठनपाठन र वडा कार्यालयमा हुने तालिम, बैठकमा प्रस्तुतिका लागि प्रोजेक्टरको विकल्पमा स्मार्ट बोर्ड प्रयोग गरिने वडा अध्यक्ष पाइजाले बताए । विद्यालयको कक्षा कोठाको भित्तामा 'स्मार्ट टिभी' र 'बोर्ड' राखिएको छ । इन्टरनेटमा सन्दर्भ सामग्री खोजेर पढाउन थालिएको अमर माविका प्रअ खबहादुर थापाले बताए । विद्यार्थीमा सिकाई उपलब्धी बढाउन र शिक्षकहरुलाई सिर्जनशिल तथा प्रबिधीमैत्री बनाउन यस्तो अभ्यास गरिएको हो । सूचना प्रविधिको प्रयोग गरेर पठनपाठन गराउन विद्यार्थीले अध्ययनमा रुची देखाउने र सिकाई उपलब्धी वृद्धि हुने अपेक्षा गरिएको छ । *-रासस*

# कक्षा १२ को परीक्षा वैशाख १४ गतेदेखि सुरु हुने



आगामी वैशाख १४ गतेदेखि यस वर्षको कक्षा १२ को परीक्षा सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले आज परीक्षाको साधारण, परम्परागत र प्राविधिक विषय समूह तर्फका नयाँ तथा पुरानो पाठ्यक्रम एवं ग्रेड वृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ ।

परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको नयाँ र पुरानो कोर्स तथा ग्रेड वृद्धिको परीक्षा हुनेछ । सोही दिन नयाँ कोर्सको संस्कृत रचना, बौद्ध शिक्षा र उर्दू व्याकरण तथा पुरानो कोर्सको अनिवार्य वैकल्पिक संस्कृत रचनाको पनि परीक्षा हुने कार्यतालिकामा उल्लेख छ । वैशाख २७ गते सम्पन्न हुने परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि बोर्डले पुन: अर्को परीक्षाको व्यवस्था भने नगरिने बोर्डले जनाएको छ । परीक्षाको तालिकाभित्र कुनै आकस्मिक बिदा परेमा परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाबिना परीक्षा स्थगित नगरिने बोर्डले उनले जानकारी दिए । यसवर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ६० हजार परीक्षार्थी सहभागी हुने जानकारी दिए । गत वर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ९६ हजार ३४७ र आंशिक तर्फ एक लाख १४ हजार ६४० विद्यार्थी परीक्षामा सहभागी थिए । गतवर्ष कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि सुरु भई जेठ २ गते सम्पन्न भएको थियो । *-रासस*


# शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८२/११/११ शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना नं.**
**SQ No.: SQ/02/REDA/TEDP/2082/083**

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक प्राविधिक सहयोग तथा ग्रामिण आर्थिक विकास संघ रेडा पाल्पाको सहजीकरणमा सञ्चालित तानसेन आर्थिक विकास परियोजना अर्न्तगत परियोजनामा आवद्ध कृषकहरुका लागि आवश्यक मल्चिङ्ग प्लाष्टिक खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक आपूर्तिकर्ताहरुबाट रितपूर्वक शिलवन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

**शिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण:**

| वस्तु /सामाग्रिको नाम | परिमाण | जमानत रकम (रु) | दरभाउ पत्र फारम दस्तुर | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| मल्चिङ्ग प्लाष्टिक | ३५० रोल | ४०,०००/- | १,०००/- | शिलबन्दि दरभाउ पत्रको मान्य अवधि४५ दिन हुने छ । | २०८२।११।२५ गते कार्यालय समय भित्र | २०८२।११।२६ गते १२:०० बजे सम्म | २०८२।११।२६ गते दिनको २:०० बजे |

१.योग्य दरभाउपत्रदाताले मिति २०८२/११/११ गते सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/११/२५ गतेको समय भित्रमा रु.१,००० रुपैंया (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन ०४ विशालबजारमा पेश गरी शिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२.शिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिबाट १६ औं दिन अर्थात २०८२/११/२६ गते दिनको १२:०० बजे भित्र ग्रामीण आर्थिक विकास संघ(रेडा), पाल्पामा पेश गर्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

३.प्राप्त भएका शिलबन्दी दरभाउ पत्रहरु २०८२/११/२६ गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहवरमा ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन ०४ विशालबजारमा खोलिनेछ ।

४.दरभाउपत्र मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ ।

५. दरभाउपत्रको साथ माथिको तालिकामा उल्लेख भए अनुसारको जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र दरभाउ पत्र जमानत मान्य अवधि दरभाउ पत्र खोलेको मितिले कम्तिमा ७५ दिनको हुनुपर्नेछ । दरभाउ पत्रदाताले जमानत बापत नगद राख्न चाहेमा सिलबन्दी कोटेशनपत्र साथ कम्तिमा रु४०,०००/(को हिमालयन बैक लि.तानसेन शाखामा रहेको खाता **Rural Economic Dev Asso-REDA/TEDP** नं.१२०२३१०८१३००११ मा रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६.शिलबन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउ पत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ ।

७.शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा प्रकृया रद्ध गर्ने सर्वाधिकार ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पामा निहित रहनेछ ।

८.शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीका लागि ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पा (फोन नं. ९८५७०६०४७४, ९८४७०२८८२२,९८४४७७४८२८) मा सम्पर्क गर्न सकिनेछ ।

**ग्रामीण आर्थिक विकास संघ (रेडा), पाल्पा**

# रुपन्देहीमा अनुगमन समितिद्वारा चार बुँदे आचरण जारी



**लुम्बिनी,** फागुन १० /प्रतिनिधिसभा निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, पारदर्शी, मितव्ययी, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्न जिल्लास्थित निर्वाचन आचारसंहिता अनुगमन समितिले निर्वाचन आचारसंहिता पालनासम्बन्धी निर्वाचन आचारसंहिता, २०८२ ले तोकेबमोजिमका चार बुँदे आचरणसहित सार्वजनिक सूचना जारी गरेको छ ।

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी मातृका आचार्य र निर्वाचन आचारसंहिता अनुगमन अधिकृत प्रमुख कोष नियन्त्रक विष्णुप्रसाद खनालले राजनीतिक दल, उम्मेदवार, दलका भ्रातृ संगठन तथा सम्बन्धित व्यक्तिहरूका लागि आचारसंहिता कार्यान्वयन गराउन सूचना जारी गरिएको जनाइएको छ ।

सूचनामा निर्वाचन आचारसंहिता २०८२ बमोजिम जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने विभिन्न २५ बुँदे आचरण तोकिएको छ । जसअन्तर्गत राजनीतिक पार्टी वा उम्मेदवारले चुनाव प्रचारप्रसारका क्रममा जुलस, आमसभा, कोणसभा वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने उल्लेख छ । कार्यक्रम गर्दा कसैको घरको आसपास गई विरोध वा प्रदर्शन गर्न नहुने, कार्यक्रम गर्दा मिति, समय, मार्ग र स्थानका बारेमा कम्तीमा २४ घण्टाअगावै स्थानीय प्रशासनसँग अनुमति लिएर गर्नुपर्ने उल्लेख गरिएको छ । निर्वाचन प्रचारप्रसारका कुनै पनि कार्यक्रममा बालबालिकाको प्रयोग गर्न पूर्ण रूपले रोक लगाइएको छ । साथै ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउनसक्ने किसिमले प्रचारप्रसार गर्न गराउन नहुने उल्लेख गरिएको छ । घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर बाजागाजा तथा झाँकीसहित जान बन्देज गरिएको छ । निर्वाचन प्रचारप्रसारका क्रममा कुनै पनि धर्मका नाममा प्रचारप्रसार गराउन र कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने उल्लेख गरिएको छ ।यस्तै, दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारले र्‍याली गर्दा बढीमा १० वटा राष्ट्रिय झन्डा प्रयोग गर्नबाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झन्डा प्रयोग गर्न गराउन नहुने स्पष्ट पारिएको छ । उम्मेदवार र राजनीतिक दलहरूका लागि निर्वाचन प्रयोजनका लागि सवारीसाधन प्रयोग गर्नसमेत आचरणहरू आचारसंहितामा व्यवस्था गरिएको छ । निर्वाचन अधिकृतको अनुमति लिइ उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईवटा विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन प्रयोग गर्न पाइने व्यवस्था गरिएको छ । तर विदेशी नम्बर प्लेटको सवारीसाधनलाई प्रयोग गर्न बन्देज लगाइएको छ । यस्तै कुनै पनि राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलका लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणालीबमोजिम बन्दसूचीका उम्मेदवारको संख्याका आधारमा दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने उल्लेख गरिएको छ । निर्वाचन आचारसंहिताबमोजिम राजनीतीक दल तथा कुनै पनि उम्मेदवारका लागि निर्वाचन प्रयोजनका लागि गर्नुपर्ने खर्चको समेत आचारसंहिताले तोकेको मापदण्ड पालना गर्ने व्यवस्था गरिएको छ । यसअन्तर्गत राजनीतिक कुनै पनि दलले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै रु २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने र उक्त रकम बुझेको रसिद वा भरपाई दिइ उम्मेदवार वा दलको बैंक खातामा जम्मा गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । यस्तै, निर्वाचन आचारसंहितामा राजनीतिक दल वा उम्मेदवारले चुनाव प्रचारप्रसारका क्रममा सञ्चारमाध्यमको प्रयोग गर्दा टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसारका लागि प्रयोगको मापदण्ड पनि तोकिएको छ । निर्वाचन प्रचारप्रसारका लागि राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ संगठनले सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचारप्रसार गर्न पाउने त्यसको प्रयोगको मापदण्ड निर्धारण गरी सूचना जारी गरिएको छ । अनुगमन समितिले जारी गरेको आचारसंहितासम्बन्धी सूचनाबमोजिम निर्वाचन आचारसंहिता, २०८२ को बर्खिलाप हुनेगरी गतिविधि सञ्चालन गरे गराएको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रु एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारीसमेत रद्द हुनसक्ने जनाइएको छ । अनुगमन समितिले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित तवरबाट सम्पन्न गर्नु सबैको समान जिम्मेवारी रहेकाले प्रतिनिधिसभा निर्वाचन आचारसंहिता, २०८२ अनुसार जारी आचारसंहिता पूर्ण रूपले पालनाका लागि सबै पक्ष गम्भीर हुन जरुरी रहेको अनुगमन अधिकृत रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी आचार्यले बताए । ---*रासस*

## पालपा अस्पतालमा लायन्स...

...अस्पताल प्रशासन तथा विकास समितिले ठोस योजना र प्रस्ताव लायन्स क्लवहरुलाई पेश गर्न र जिल्लाका सबै लायन्सकर्मीहरुबिच बृहत छलफल कार्यक्रम राख्न लायन्सकर्मीहरुले सुझाव दिए । लायन्सले गरेको सहयोग सर्वसाधारणले प्रत्यक्ष महसुस गर्ने खालको हुने उनीहरुले जोड दिए । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यले अस्पतालको बहुउद्देश्यीय बहुतले भवन निर्माण गरी अत्याधुनिक उपचार सेवा प्रदान गर्नको लागि डिपिआर निर्माणको तयारी भईरहेको बताए । डिपिआर निर्माण भएपछि लायन्स क्लवसँग पुर्वाधार तथा मेडिकल उपकरणको लागि ठोस प्रस्ताव समेत पेश गरिने, सबैको सहयोगबाट अस्पताललाई ३ बर्ष नेपालकै सुविधा सम्पन्न अस्पताल बनाउन, गरिवहरुको लागि निशुल्क औषधी उपचार सुविधा पाउने राम्रो बनाउन सबै पक्षसँग सहयोगको लागि अपिल गर्ने समिती अध्यक्ष कर्माचार्यले जोड दिए । कार्यक्रममा अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डन डा.राजेन्द्र पौडेलले अस्पतालमा हाल ५ जना विशेषज्ञ चिकित्सकले सेवा प्रदान गरेको, फागुन मसान्त देखी अस्पतालमा अप्रेसन सेवा शुरु हुने बताए । अस्पतालमा अप्रेसन सेवा शुरु भएपछि खाली रहेको अन्य विशेषज्ञ चिकित्सकहरु पनि पाल्पा अस्पतालमा सेवा गर्न आउने, विरामीले सस्तोमा गुणस्तरीय उपचार सेवा पाउने उनले बताए । अस्पतालमा हाजजोर्नी, छाला, स्त्रिरोग, दाँत, आखा, फिजियो, विशेषज्ञ सेवा सहित आधुनिक एक्सेरे मेशिन, भिडियो एक्सरे देखी कल्चर ल्याव, फार्मेसी सेवा सञ्चालनमा रहेको छ ।

## Resunga Municipality
## Office Of The Municipal Executive
## Tamghas, Gulmi

# Invitation for Online Bids

***First Date of Publication: 23rd Feb. 2026 (2082-11-11)***

**1.** Resunga Municipality has allocated funds towards the cost Construction of Infrastructures and intends to apply part of the funds to cover eligible payments under the following Contracts.

**2.** Bidding is open to all eligible bidders, Office of Resunga Municipality, Gulmi invites electronic bids from eligible bidders for the works under National Competitive Bidding.

**3.** Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Resunga Municipality, Gulmi, Nepal or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

**4.** Bidder should download the bidding documents from PPMO's e-GP system **www.bolpatra.gov.np/egp** and submit through e-GP system upon payment of a non-refundable fee of **NRs. 3000.00 NRs. till 25th Mar. 2026 (2082-12-11) 12:00 hours.** Bidder should deposit the cost of bidding document in the Rajaswa account as specified below:-

**Information to deposit the cost of bidding document in Bank:**

**Name of Bank:** Rastriya Banijya Bank, Gulmi

**Name of Office:** Office of Municipal Executive, Resunga Municipality, Tamghas, Gulmi;

**Cost of Bidding Document** = NRs. 3000.00

**Resunga Na. Pa.(Ga-1-1) Aantarik Rajaswa Account no.**: 3010100301010002 (For Bid Docu.Fee)

**Rajaswa Shirshak No:**14229

**Resunga Na. Pa. ( GA-3) Dharauti Account no.:** 3010100303000002 (For Dharauti)

**5.** Pre-bid meeting shall be held at Office of Resunga Municipality, Gulmi at **15th Mar. 2026 (2082-12-01) 11:00 hours.**

**6.** Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or **25th Mar. 2026 (2082-12-11) 12:00 hours** Bids received after this deadline will be rejected.

**7.** The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **25th Mar. 2026 (2082-12-11) 13:00 hours** at the Office of Resunga Municipality, Gulmi. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as shown in Table below which shall be valid for 30 days beyond the validity period of the bid. i.e. **120 days**

**8.** If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**9.** The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| S. N. | Contract ID | Description of Works | Estimated amount ( with VAT&PS) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | ORM-NCB-GUL-W-38-082/83 | Construction of Resunga Ma. Vi, Resunga Municipality - 2, Gulmi | 2,913,130.38 | 80,000.00 |

**Chief Administrative Officer**

## गुल्मीमा हवाई उडान...

...यहाँ नेपाल वायुसेवा निगमले काठमाडौँदेखि बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलदेखि बिहान ७:३० बजे उडान गर्दै आइरहेको छ । निगमले काठमाडौँबाट गुल्मीका लागि सात हजार ५०० र गुल्मीदेखि काठमाडौँका लागि सात हजार ३०० भाडादर निर्धारण गरेको छ । रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान हुने गर्दछ । जिल्लामा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकहरूको संख्यामा समेत वृद्धि हुँदै गएको छ । अठार घण्टा लामो यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता रहेको यस क्षेत्रका नागरिकले आकाशमार्गबाट ४५ मिनेटमै सहज रूपमा गुल्मीबाट राजधानी आवतजावत गर्न सहज बनेको छ । जिल्लामा हवाई सेवा लिने नागरिकको चाप पछिल्लो समयमा बढ्दै गएको छ । तर यात्रुहरूको चाप बढे पनि उडान सङ्ख्या थोरै हुने र उडान तालिकामा परिवर्तन भइरहने भएका कारण यस क्षेत्रका नागरिक समस्यामा परेका छन् ।---*रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई